# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः १२ मिति : २०८०/०९/२४

भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८०/०९/२४ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८० सालको नियम नं.१२

# युवा क्लव र युवा परिषद गठन एवम सञ्चालन कार्यविधि, २०८०

# युवा क्लव र युवा परिषद गठन एवम सञ्चालन कार्यविधि, २०८०

प्रमाणीकरण मितिः २०८०/०९/२४

**प्रस्तावना**

समृद्द राष्ट्र निर्माणको आधारस्तम्भको रूपमा रहेका नेपाली युवा वर्गको नेतृत्व तथा क्षामता विकास गरी देशको शासन सञ्चालन प्रणाली र सुशासन सम्बन्धमा युवालाइ सुसुचित र सशक्तिकरण गर्दै उनिहरूको सर्वाङगिण विकासका लागि युवामैत्री निति योजना कार्यक्रम र प्राथमिकता निर्धारण गर्न तथा युवा लक्षित उदेश्य प्राप्तिका लागि राज्यलाइ पृष्ठपोषण दिन तथा सकारात्मक वातावरण निर्माण गर्न यस गाउँपालिकाको हरेक वडामा स्वयंसेवकीय सञ्जालको रूपमा युवाक्लव र युवा परिषद गठन गरी क्लव मार्फत युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने र कार्यक्रममा युवा सहभागिता अभिवृद्दि गर्न वाञ्छनीय भएकोले गेरूवा गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन २०७६ को दफा ४ ले दिएको अधिकारबमोजिम गेरूवा गाउँ कार्यपालिकाको मिति २०८०/०९/०६ गते बैठकको निर्णयले यो "युवा क्लव र युवा परिषद गठन एवम सञ्चालन कार्यविधि २०८०" स्वीकृत गरी लागू गरेको छ।

**परिच्छेद-१**

**परिभाषा र व्याख्या**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "युवा क्लव र युवा परिषद गठन एवम सञ्चालन कार्यविधि २०८०" रहेको छ।

(ख) यो कार्यविधि गेरूवा गाउँपालिका कार्यालयको राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) "गाउँपालिका" भन्नाले गेरूवा गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले गेरूवा गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले गेरूवा गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले गेरूवा गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ।

(ङ) अध्यक्ष" भन्नाले गेरूवा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(च) "उपाध्यक्ष" भन्नाले गेरूवा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(छ) "वडाध्यक्ष" भन्नाले गेरूवा गाउँपालिकाको प्रत्येक वडाका वडा कार्यालयको अध्यक्ष सम्झनु पर्छ।

(ज) "वडासमिति" भन्नाले गेरूवा गाउँपालिकाको प्रत्येक वडाका वडा समितिलाई जनाउनेछ।

(झ) "शिक्षा शाखा" भन्नाले गेरूवा गाउँ कार्यपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ।

(ञ) "कार्यविधि" भन्नाले "युवा क्लव र युवा परिषद गठन एवम सञ्चालन कार्यविधि २०८०" लाई सम्झनु पर्छ।

(ट) "युवा" भन्नाले राष्ट्रिय युवा परिषद ऐन, २०७२ ले परिभाषित गरेको उमेर समुहको युवा सम्झनु पर्दछ ।

(ठ) "प्राथमिकताको समुहका युवा" भन्नाले राष्ट्रिय युवा परिषद ऐन,२०७२ बमोजिम महिला, दलित,आदिवासी, जनजाति ,मधेशी, मुस्लिम र पिछडिएको क्षेत्रका युवालाई समेत जनाउछ।

(ड) "विशेष प्राथमिकताको समुहका युवा" भन्नाले दन्द्वपिडित, जोखिममा परेका, अपाङ्गता भएका, सीमान्तकृत लोपोन्मुख र अल्पसंङ्ख्यक युवालाई सम्झनु पर्दछ ।

(ढ) "युवा समुह" भन्नाले युवाका क्षेत्रमा सक्रिय युवा क्लव, युवा सामाजिक संघ संस्था, स्काउट, युवा तथा विद्यार्थी सङ्गठन र उद्यमी युवा, युवा स्वंयसेवक जस्ता सङ्गठित युवाको समुह भन्ने सम्झनु पर्दछ।

(ण) "युवा क्लव" भन्नाले गेरूवा गाउँपालिकाको प्रत्येक वडामा गठन भएको १६-२४ बर्ष उमेर समुहका युवा सदस्यहरू रहेको यसै कार्यविधि बमोजिम गठित युवा क्लवलाइ सम्झनु पर्दछ।

(त) युवा परिषद" भन्नाले १६ देखि २४ बर्ष सम्मका वडास्तरिय युवा क्लवका सदस्यहरू र तोकिएको निकायबाट छनोट भइ आएका युवा प्रतिनिधिहरूबाट सञ्चालन हुने नमुना अभ्यासका लागि गठन गरिने युवा समुह वा सञ्जाललाइ सम्झनु पर्दछ।

(थ) "युवाको अर्थपुर्ण सहभागिता" भन्नाले योजना प्रकियामा युवाको लक्षित समुह, साझेदार र नेतृत्वको रूपमा सम्झनु पर्दछ।

(द) "युथभिजन" भन्नाले नेपाल सरकारले जारी गरेको युथभिजन २०२५ तथा दश बर्षे रणनितिक योजना सम्झनुपर्दछ।

(ध) "समिति" भन्नाले नियम १४ बमोजिमको युवा समन्वय समिति सम्झनु पर्दछ।

(न) "सरोकारवाला निकाय" भन्नाले युवाका बिषयमा सरोकार राख्ने सरकारी निकाय, विकास साझेदार, राजनितिक दल,निजी क्षेत्र, सञ्चार क्षेत्र, सामुदायिक, सांस्कृतिक तथा सामाजिक संघसंस्था, धार्मिक संघसंस्था, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था, शैक्षिक संस्था, समुदाय, परिवार, आफन्त र युवा समुह भन्ने सम्झनु पर्दछ।

## परिच्छेद-२

## युवा क्लवको गठन प्रकिया, काम कर्तव्य र अधिकार

### ३. युवा क्लवको गठन

(१) गाउँपालिकाको प्रत्येक वडामा सम्बन्धित वडाध्यक्ष वा निजले तोकेको वडासदस्यको संरक्षकत्वमा युवा क्लव गठन हुनेछ।

(२) उपनियम (१) बमोजिम गठन हुने युवाक्लवमा सम्बन्धित वडा भित्रका १६ देखि २४ वर्ष उमेर समुहका सम्पुर्ण युवाहरू युवा क्लवका साधारण सदस्य हुन सक्नेछन। यसका लागि सम्बन्धित वडा समितिले तोकेको समयभित्र कार्यविधिमा उल्लेखित उमेर समुहका युवाले सदस्यताका लागि सम्बन्धित वडा कार्यालयमा उमेर र ठेगाना खुलेको प्रमाण सहित दर्ता गर्नुपर्नेछ।युवा क्लवका साधारण सदस्य चौविस वर्ष उमेर पुरा भएपछि उक्त युवा क्लवको सदस्य रहने छैनन्।

(३) हरेक वडामा गठन हुने वडास्तरीय युवा क्लव कार्यसमितिमा देहायका युवालाइ सदस्यको रूपमा सम्बन्धित वडा समितिले मनोनित गर्नेछ।

(क) प्राथमिकताको समूहका युवाहरूमध्येवाट १ जना - सदस्य

(ख) विशेष प्राथमिकताको समूहका युवाहरूमध्येवाट १ जना - सदस्य

(ग) स्थानीय उद्दमी युवा हरू मध्येवाट १ जना - सदस्य
(घ) युवा पत्राकारहरू मध्येवाट १ जना - सदस्य
(ङ) स्थानीय खेलाडीहरूमध्येवाट १ जना - सदस्य
(च) स्थानीय कलाकारहरूमध्येवाट १ जना - सदस्य
(छ) स्थानीय सहकारीमा आवद्द युवाहरूमध्येवाट १ जना - सदस्य
(ज)स्थानीय समुदायमा आधारित संस्थाहरूको युवा प्रतिनिधि १ जना - सदस्य
(झ)वडाभित्रका मेधावी विद्यार्थीहरूमध्येवाट १ जना महिला सहित २ जना - सदस्य
(ञ) वडा समितिले खुला समुहबाट मनोनित गरेका युवा ५ जना - सदस्य

(४) गाउँपालिकाको अध्यक्षको संरक्षकत्वमा देहायबमोजिमको गाउँपालिकास्तरिय एक युवा क्लव गठन गरिनेछ।

(५) गाउँपालिकास्तरिय युवा क्लव कार्यसमितिमा देहायबमोजिमका युवालाइ सदस्यको रूपमा गाउँ कार्यपालिकाले मनोनित गर्नेछ।

(क) गाउँपालिकाको प्रत्येक वडाक्लवको अध्यक्ष, उपाध्यक्ष, सचिव वा कोषाध्षक्षहरू मध्येबाट समावेशी प्रतिनिधित्व हुनेगरी २/२ जना युवा समावेश गरी जम्मा १२ जना - सदस्य
(ख) खुला समुहबाट गाउँपालिका अध्यक्षबाट मनोनित गरेको युवा ३ जना - सदस्य

(६) युवा क्लवका सदस्यहरूले अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव आफुहरूमध्येवाट छनोट गर्नेछन। उपयुक्तानुसारको वडाक्लवको कुल सदस्य संख्यामा कम्तिमा ५०% महिला सदस्यको प्रतिनिधित्व हुनुपर्नेछ।

(७) युवा क्लवका सदस्य चयन गर्नका लागि वडासमितिले यस सम्बन्धि थप कार्यविधि निर्माण गरी लागु गर्न सक्नेछन।

(८) युवा क्लवका पदाधिकारीहरूको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ।युवा क्लवका पदाधिकारिको उमेरको कारण पद रिक्त भएमा ब्यक्ति जुन क्षेत्रवाट प्रतिनिधित्व गरेको हो सोहि क्षेत्रवाट मनोनित गर्ने निकायले बाँकि अवधिका लागि मनोनित गरी पदपुर्ति गर्नेछ।

(९) युवा क्लवको सचिवालय सम्बन्धित वडा समितिको कार्यालयमा रहनेछ

## ४. युवा क्लवको काम, कर्तब्य र अधिकार

(१) गाउँपालिकास्तरिय तथा वडास्तरिय युवा क्लवको काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने।
(ख) गाउँपालिका तथा वडा कार्यालयसँग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माणमा सहभागी भइ युवामैत्री कार्यक्रम निर्माण र कार्यन्वयनमा पैरवी र सहयोग गर्ने।
(ग) गाउँपालिका तथा वडास्तरमा हुने सरसफाइ, वातावरण संरक्षण, बालअधिकार, मानवअधिकार, महिला अधिकार, शैक्षिक कार्यक्रम, सामाजिक अन्धविश्वास र कुरीति विरूद्दका सचेतना अभियानहरूमा सक्रियतापुर्वक सहभागी भइ कार्यक्रम सफल बनाउन सहयोग गर्ने।
(घ) प्राकृतिक तथा अन्य प्रकोप ब्यवस्थापन तथा विपदका बेला बिपद पुर्व तयारी तथा राहत र उद्दार कार्यमा वडासमिति तथा गाउँपालिकासँगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भुमिका निर्वाह गर्ने ।
(ङ) राष्ट्रिय युवा परिषद र मातहतका निकायहरू मार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवा लक्षित कार्यक्रम कार्यन्वयन गर्न सहयोग गर्ने।

(च) दिगो विकासका लक्ष्यहरूलाइ आ-आफ्नो क्षैत्रमा स्थानीयकरण गरी कार्यन्वयन गर्न युवाको सार्थक सहभागातिका साथ नेतृत्वदायी भुमिका खेल्ने।

(छ) प्रत्येक युवा क्लवले गाउँपालिका र वडा समितिको समन्वय र सहकार्यमा कम्तिमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र ब्यवस्थापन गर्ने।

(ज) गाउँपालिका र वडा कार्यालयसँगको समन्वय र सहकार्य गरी युवा लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने।

(झ) सार्वजनिक निकायमा सूचनाको हकको कार्यन्वयन तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्याउने।

(ञ) दिगो विकासको लक्ष्यलाइ स्थानीयकरण गरी यसको कार्यन्वयनमा युवा परिचालन गर्ने।

(ट) गाउँपालिका र वडा कार्यालयबाट समय समयमा दिएको निर्देशन पालना गर्ने।

(ठ) सम्पादन गरिएको कार्यको प्रगती बिबरण गाउँपालिका तथा वडा कार्यालयमा पेश गर्ने र दिएको राय सुझावहरू कार्यन्वयन गर्ने।

## परिच्छेद-३

## युवा क्लव सञ्जाल, युवा परिषद गठनको उदेश्य र निर्माण प्रकिया

### ५. युवा क्लव सञ्जाल र युवा परिषद गठनको उदेश्य

(१) गाउँपालिकास्तरिय युवा क्लव सञ्जाल र युवा परिषदको गठन गर्नुको उदेश्य देहायबमोजिम रहेका छन :

(क) युवाको नेतृत्व तथा क्षमता विकासमा सहयोग गर्ने।

(ख) युवाको सीप विकास तथा व्यक्तित्व विकासमा सहयोग पुर्याउने।

(ग) नेपालको शासन प्रणाली र यसको विकास प्रकियाका बारेमा युवालाइ सूसुचित गर्ने।

(घ) युवामैत्री गाउँपालिका निति, योजना र कार्यक्रम निर्माणका लागि गाउँ कार्यपालिकालाइ सुझावहरू दिइ सकारात्मक वातावरण निर्माण गर्ने।

(ङ) युवालाइ बिषयगत दक्षता हासिल गरी सो क्षेत्रको नेतृत्व र पैरवी गर्न सक्षम बनाउने।

(च) प्राथमिकता प्राप्त युवालाइ राज्यको मुल प्रवाहमा ल्याउने।

(छ) गाउँपालिकाको प्रत्येक वडालाइ युवामैत्री वडा बनाउन पहल गर्ने तथा दिगो विकासका लक्ष्यहरूलाइ आ- आफ्नो परिवेशमा स्थानीयकरण र कार्यान्यिनमा नेतृत्वदायी भुमिका खेल्ने।

(ज) युवालाइ अधिकार र कर्तव्य प्रति सजग गराउदै राष्ट्र निर्माणमा उत्पेरित गर्ने।

(झ) राष्ट्रिय युवा निति तथा युथभिजन परीलक्षित योजना र कार्यक्रमलाइ साकार बनाइ गाउँपालिका भित्रका युवाको सर्वतोमुखी विकासमा सहयोग पुर्याउने।

### ६. युवा क्लव सञ्जाल र युवा परिषद निर्माण प्रकिया

(१) युवा क्लव सञ्जाल र युवा परिषद निर्माण प्रकिया गाउँपालिका स्तरमा गरिनेछ।

(२) उपनियम (१) बमोजिम गठन हुने युवा क्लव सञ्जाल र युवा परिषद निर्माण प्रकिया देहायबमोजिम हुनेछ।

(क) गाउँपालिकाको प्रत्येक वडामा गठन भएको युवा क्लवहरूबाट न्युनतम एक जना महिला सहित ३/३ (तिन) जनाका दरले पर्ने गरी सम्बन्धित वडाक्लव कार्यसमितिले छनोट गरी पठाएका वडाक्लवका सदस्यहरू साधारण सदस्य रहेको एक गाउँ/नगर युवा क्लव सञ्जाल रहनेछ। गाउँ/नगर युवाक्लव सञ्जालका सदस्यहरूको पदावधि २ (दुइ) बर्षको हुनेछ।

(ख) खण्ड (क) बमोजिमको युवाक्लव सञ्जालका साधारण सदस्यहरूले आफुहरूमध्येवाट ११ (एघार) सदस्यीय गाउँपालिकास्तरिय युवा क्लव सञ्जाल कार्य समिति गठन गर्नेछन।

(ग) खण्ड (ख) बमोजिम गठित गाउँपालिकास्तरिय युवा क्लव सञ्जाल कार्यसमितिमा सदस्यहरूले आफुहरूमध्येवाट अध्यक्ष, उपाध्यक्ष र सचिव १/१ जना छनोट गर्नेछन भने बाँकि सबै आठ जना युवा प्रतिनिधिहरू सदस्य पदमा रहनेछन।

(घ) खण्ड (ख) बमोजिम गठित गाउँपालिकास्तरिय युवा क्लव सञ्जाल कार्यसमितिमा न्युनतम ५०% (पचास प्रतिशत)महिला सहित प्राथमिकता समुह र विशेष प्राथमिकता क्षेत्रको समुहका युवा समेतको प्रतिनिधित्व हुने गरी युवा प्रतिनिधिहरू रहनेछन।

(ङ) खण्ड (क) बमोजिमको गाउँ/नगर युवाक्लव सञ्जालका साधारण सदस्यहरू सबै गाउँ/नगर युवा परिषदका प्रतिनिधि हुनेछन।

(च) खण्ड (घ) बमोजिमका प्रतिनिधिहरूका अतिरिक्त गाउँ/नगर युवा परिषदमा बढिमा (पाच) ५जनासम्म गाउँ/नगर युवा परिषदको सिफारिसमा गाउँ कार्यपालिकाले थप युवा प्रतिनिधि मनोनित गर्नेछ।

(छ) गाउँ/नगर युवा परिषद बैठक सञ्चालनको समयमा पर्यवेक्षकको रूपमा गाउँपालिकाका सबै जनप्रतिनिधिहरू, सम्बन्धित वडाका संघीय संसद सदस्य तथा प्रदेश सभा सदस्य, गाउँ/नगर युवा परिषदका पदाधिकारीहरू, कार्यालय प्रमुखहरू, विद्यालयका प्रधानाध्यापकहरू, स्थानीय संघ/संस्थाका प्रमुखहरू तथा युवा परिषदमा प्रतिनिधि हुने युवाका अभिभावकहरू रहनेछन।

**७. युवा क्लव सञ्जाल, युवा परिषदको काम कर्तब्य र अधिकार**

(१) गाउँपालिकास्तरमा गठन हुने युवा क्लव सञ्जालको काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) स्थानीय युवा क्लवको नेतृत्व क्षमता विकासमा सहयोग गर्ने।

(ख) युवालाइ स्वयंसेवकीय कार्यमा लाग्न उत्प्रेरित गर्ने।

(ग) विपद ब्यवस्थापन तथा सामाजिक अन्धविश्वास र कुरीतिका विरूद्द युवा परिचालनका लागि सहजीकरण गर्ने।

(घ) गाउँपालिकाबाट सञ्चालन गरिने युवा लक्षित कार्यक्रमहरू कार्यन्वयन गर्ने गराउने।

(ङ) युवामा सकारात्मक सोचको विकास,उद्दमशिलता र स्वरोजगारको भावना विकास गर्न सहयोग गर्ने।

(च) विभिन्न तह र क्षेत्र भित्रका युवाक्लव, सञ्जाल र सरकारहरूबीच समन्वय र सहकार्यको वातावरण तयार गर्ने।

(छ) युवा परिषद नमुना अभ्यासको लागि प्रतिनिधि छनौट तथा ब्यवस्थापन गर्ने।

(ज)दिगो विकासका लक्ष्यको स्थानीयकरण गरी सम्बन्धित क्षेत्रमा कार्यान्वयनका लागि सहजीकरण गर्ने।
(झ)राष्ट्रिय युवा परिषद र गाउँपालिकाले तोकेका अन्य कार्यहरू गर्ने।

## परिच्छेद-४
## युवाको अवस्था पहिचान र युवा सहभागिता सम्बन्धी ब्यवस्था

### ८. युवाको तथ्याङक अभिलेखिकरण र अद्यावधिक गर्ने

(१) युवाको जनसङख्या, लिङ्ग, जातजाति, भाषा, धर्म, शैक्षिक अवस्था, आर्थिक अवस्था, अपाङ्गता, पेशा, ब्यवसाय जस्ता बिषयमा तथ्याङक राख्ने एवम अद्यावधिक गरिनेछ।
(२) युवाको क्षेत्रमा सक्रिय समुहको पहिचान गरी अभिलेख राख्ने युवा क्लव, युवा संघ/संस्था, स्काउट, राजनैतिक दल, युवा उद्यमी, युवा स्वंयसेवी जस्ता संगठित युवाको समुहलाइ सहकार्यका लागि आह्वन गरिनेछ।
(३) इच्छुक युवालाइ विज्ञता वा अनुभवको प्राथमिकताका आधारमा रूची अनुसारको क्षेत्रमा संलग्न गराउन रोष्टर सुची तयार गरी आवश्यकता अनुसार सहभागी गराइनेछ।
(४ सूचना प्रविधिको प्रयोग गरी तथ्याङकको संकलन, अद्यावधिक र अभिलेख ब्यवस्थापन गरिनेछ।

### ९. युवामैत्री कार्यक्रमको तर्जुमा गर्ने

(१) युवामैत्री कार्यक्रम तर्जुमा, युवाका सवाल र सरोकारका विषयमा बहस, अन्तरक्रिया र पैरवीका लागि अनुकुल वातावरण सृजना गरिनेछ।
(२) गाउँपालिकाको आर्थिक, सामाजिक र साँस्कृतिक पक्षको विकासमा युवाको ज्ञान, सिप, धारणा र समयको प्रभावकारी सदुपयोग गर्ने ब्यवस्था मिलाइनेछ ।
(३) समावेशी सिद्वान्त र सकारात्मक विभेदको माध्यमबाट समाजमा पछाडी पारिएका युवा, दलित युवा, अपाङ्गता भएका युवा, सिमान्तकृत, लोपोन्मुख, अल्पसङख्यक युवा जस्ता प्राथमिकता र बिशेष प्राथमिकता समहुका युवाहरूलाइ मूलप्रवाहिकरण गर्नका लागि आवश्यक ब्यवस्था मिलाइनेछ।

### १०. निति निर्माण तथा योजना तर्जुमा प्रक्रियामा युवा सहभागिता

(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम वडास्तरिय आयोजना कार्यक्रम पहिचानको तहदेखि नै हरेक चरणमा युवाको सहभागिता गराउने ब्यवस्था मिलाइनेछ।
(२) युवाको क्षमता विकास गरी गाउँपालिकाको बार्षिक कार्यक्रमहरूका निति तर्जुमा र विकास निर्माण, योजना छनोट तथा निर्माण प्रकियामा प्रत्यक्ष रूपमा युवालाइ संलग्न गराउन संस्थागत प्रणालीको विकास गरिनेछ।

(३) योजना छनोट गर्दा गाउँपालिकाको आर्थिक,सामाजिक, सांस्कृतिक र पर्यावरणिय विषयमा जनचेतना अभिवृद्धि र सशक्तिकरण गर्ने कार्यमा युवाको भुमिकालाइ प्राथमिकता दिइनेछ।

(४) योजना छनोट प्रकियामा हुने छलफल, प्राथमिकिकरण र निर्णय प्रकियामा सङ्गठित वा असंङ्गठित युवाको अर्थपुर्ण सहभागिता बढाउदै लगिनेछ र आर्थिक र तथा प्राविधिक रूपमा सम्भाब्य परियोजना छनोट गर्न युवाको समावेशी सहभागिता सुनिश्चितता गरिनेछ।
(५) योजना छनोटको अन्तर्कियामा बृहत युवा भेलाको आयोजना गरी युवा क्लव, युवा सञ्जाल र युवा परिषदका प्रतिनिधिको सहभागितामा युवाका सवालहरू पहिचान गर्ने र योजना बनाउने ब्यवस्था मिलाइनेछ।
(६) योजनाको प्राथमिकिकरण गर्दा युवाका सवालसँग प्रत्यक्ष सरोकार राख्ने बिषयमा सम्बोधन हुनेगरी आवश्यक ब्यवस्था मिलाइनेछ।
(७) युवालाइ विभिन्न क्षेत्रमा स्वंयसेवकका रूपमा सहभागि हुन अवसर प्रदान गरी नेतृत्वदायी भुमिकामा स्थापित गर्न र उदाहरणीय युवामैत्री स्थानीय सरकारको अवधारणालइ थप प्रभावकारी बनाइनेछ।
(८) उपभोक्ता समिति गठन गर्दा प्रचलित कानुनमा तोकिए बमोजिमको प्रतिशतले युवाको प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

## ११. योजना कार्यान्वयनमा युवा सहभागिता

(१) योजना कार्यान्वयनमा सार्वजनिक सूचना सम्प्रेषकको भुमिका निर्वाह गर्ने गरी युवालाइ महत्वपुर्ण साझेदारको रूपमा सक्रिय सहभागी गराइनेछ ।
(२) साझेदारीमा विभिन्न विषय तथा क्षेत्रगत कार्यक्रम सञ्चालनका लागि युवालाइ आह्वन गरिनेछ।

(३) युवासँगको साझेदारीमा सीप विकास, उद्ममशिलता, सुशासन प्रवर्द्वन, भष्ट्राचार नियन्त्रण र सामाजिक विसङ्गति विरूद्वका अभियान जस्ता कार्यक्रममा सहकार्य गरिनेछ।

(४) गाउँपालिकास्तरमा युवा परिषद,युवा सञ्जाल र वडा क्लवलाइ योजनाको प्रकियामा संलग्न गराइ आवश्यक पृष्ठपोषण लिइनेछ।

(५) योजना कार्यान्वयनका लागि आन्तरिक श्रोतको पहिचान गरी उपयोग गर्न युवालाइ परिचालन गर्न उचित प्रवन्ध मिलाइनेछ।
(६) योजना कार्यान्वयनका क्रममा वातावरण संरक्षणका लागि सचेतनामुलक कार्यमा युवाहरूलाइ परिचालन गरिनेछ।

## १२. अनुगमन तथा सुपरीवेक्षणमा युवाको सहभागिता

(१) योजना कार्यान्वयनको कार्यकुशलता एवम् प्रभावकारीताको अनुगमन गर्ने र सार्वजनिक सूचना जवाफदेहिताको सुनिश्चताको लागि सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण जस्ता कार्यहरू गर्ने गराउने बिषयमा युवा संलग्नता गराइनेछ ।
(२) गाउँपालिकामा सञ्चालित विकास आयोजनाको अनुगमन र सुपरीवेक्षण कार्यमा युवाको बिषयगत विज्ञता भएको आधारमा समन्वय समितिको सिफारिसमा सहभागिता सुनिश्चित गरिनेछ।
(३) गाउँपालिकामा युवाबाट सञ्चालित आयोजनाको अनुगमन तथा सुपरीवेक्षणमा आवश्यकता अनुसार आयोजना कार्यन्वयन हुने वडास्तरका अनुगमन समितिका प्रतिनिधिलाइ सहभागि गराइनेछ।

(४) युवाका विषयमा र युवाको साझेदारीमा भएका कार्यक्रमको नियमित अनुगमन र सुपरीवेक्षण र मुल्याङकन युवा समन्वय समितिले गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्नेछ।

(५) गाउँपालिकाका योजना अनुगमन तथा सुपरीवेक्षणमा संलग्न उत्कृष्ट युवा तथा युवा कार्यक्रमलाइ बार्षिक रूपमा पुरस्कृत गर्ने ब्यवस्था मिलाइनेछ।

**१३. युवा सहभागिता एवम युवा परिचालन कार्यक्रम**

(१) युवालाई सङ्गठित र नेतृत्व विकास गर्न र स्वंयसेवाका क्षेत्रको पहिचान गरी विविध क्षेत्रमा योगदान गर्ने गरी अवसर प्रदान गर्न आवश्यक ब्यवस्था मिलाइनेछ।

(२) युवाको क्षमता अभिवृद्दि तथा स्वंयसेवाका क्षेत्रहरू पहिचान गर्दै विकास निर्माणका कार्यहरू, सामजिक सेवा क्षेत्रहरू लगायत सचेतनामुलक कार्यक्रममा विभिन्न सञ्चार माध्यमको प्रयोग गरी सरोकारवालाहरूबीच आवश्यक छलफल, अन्तर्क्रिया, बैठक आयोजना गरी आवश्यक सहजीकरणका लागि युवाको परिचालन गरिनेछ।

(३) गाउँपालिकाका युवाको क्षमता विकास तथा युवा सहभागिता अभिवृद्दि गर्नका लागि देहायबमोजिमका क्षेत्रमा युवा परिचालन कार्यक्रम सञ्चालन गरिनेछ।

(क) नेतृत्व विकास क्षेत्र

(ख) युवा स्वंयसेवा क्षेत्र /सामाजिक सेवा क्षेत्र

(ग) सामाजिक विकृति र विसङ्गति न्युनीकरण क्षेत्र

**(क) नेतृत्व विकास क्षेत्र**

युवालाइ सार्वजनिक निति तर्जुमा, योजना निर्माण, निर्णय प्रकिया, कार्यन्वयन र अनुगमन कार्यमा सक्रिय सहभागिता बढाउने र युवाको नेतृत्वमा सामाजिक, आर्थिक रूपान्तरण र वातावरणीय समस्या समाधान गरी राष्ट्र निर्माण योगदान पुर्याउन र युवालाइ योजना निर्माण प्रकियाको नेतृत्वमा पुर्याउन देहायबमोजिमको क्षेत्रमा युवाको क्षमता विकास गर्न जरूरी हुन्छ।

**(१) युवाको क्षमता विकास**

(क) युवा नेतृत्व विकासका लागि युवाको रूची, ज्ञान, सीप र धारणाको आधारमा राष्ट्रनिर्माणमा संलग्न हुन उत्प्रेरणा जगाइ काम गर्ने अवसर श्रृजना गर्ने।

(ख) युवा विकास तथा तालिम, आपसी छलफल, गोष्ठि, अध्ययन, अनुसन्धान,नेतृत्व तालिम र क्षमता अभिवृद्धि ,सांस्कृतिक आदान-प्रदान र सहकार्यको संस्कृति बनाउन युवा विकास स्रोत केन्द्र निर्माण गर्ने।

(ग) युवा नागरिक समाज, युवा सञ्जाल, उद्यमशिल युवा, लगायत विशेष प्राथमिकता समुहका विभिन्न प्रतिभावान युवा छनौट गरी नेतृत्व विकासका लागि विशिष्ट्रिकृत तालिम सञ्चालन गर्ने।

(घ)युवा नेतृत्व प्रतिष्ठान स्थापना गरी नियमित रूपमा युवाको नेतृत्व गर्ने जनशक्ति तयार गर्ने।

(ङ)युवाको नेतृत्व विकास र क्षमता अभिवृद्धिका लागि संघिय, प्रादेशिक अन्तरदेशिय र अन्तराष्ट्रिय तालिम,गोष्ठि तथा युवा लक्षित कार्यक्रम र शिविरमा युवालाइ सहभागि गराउने।

(च)युवा प्रतिभाको खोजि गरी प्रोत्साहन गर्ने तथा निजको विकास गर्न मद्दत पुर्याउने।

**(२) नवपर्वतन, सिप विकास र उद्यमशिलता प्रवर्द्धन**

(क) कृर्षि क्षेत्रको उत्पादकत्व बढाउन युवा परिचालन गर्नुको साथै कृर्षिको आधुनिकिकरण र पर्यटन पर्वद्वनमा टेवा पुर्याउन युवा उद्यमशिलतालाइ जोड दिने।

(ख) युवालाइ सहकारी जस्ता विभिन्न सामाजिक, आर्थिक समुहमा आवद्ध गराइ उत्पादनका क्षेत्रमा सरिक गराउने र अगुवा उद्यमी युवा उत्पादन गर्ने।

(ग)युवाको सिपलाइ रोजगारी र बजारसँग जोड्ने। उद्यमशिलता प्रवर्द्धनमा भइरहेका कार्यक्रममा सरकारी आर्थिक सहायता, प्रविधिको उपलब्धता र सहुलियतपुर्ण कर्जा सहयोग जस्ता बिषयमा बित्तिय संस्था र युवा बीचमा सहजीकरण गर्ने।

(घ)युवा सूचना केन्द्रको क्षमता अभिवृद्धि गरी सो मार्फत युवा रोजगार कार्यक्रमलाइ समन्वयात्मक तरिकाले वडातहसम्म विस्तार गर्ने।

(ङ)विदेशमा रहेका प्रतिभावान युवाको सिप, क्षमता र प्रतिभालाइ प्रोत्साहन र सम्मान गर्दै स्वदेशको हितमा सदुपयोग गर्ने।

**(३) युवा क्लव र सञ्जाल गठन तथा परिचालन**

(क) प्रत्येक वडामा वडास्तरिय युवा क्लव गठन गर्ने र सबै क्षेत्रका युवा र वडास्तरिय युवा क्लवबाट प्रतिनिधित्व हुने गरी युवा सञ्जाल निर्माण गरी युवा संस्था तथा सञ्जालसँग सहकार्य गर्ने।

(ख) बढ्दो सहरीकरण र अब्यवस्थित बसोबासलाइ ब्यवस्थापन गर्न र सबै प्रकारका जोखिमबाट सुरक्षित रहन युवा समूहलाइ जागरूक गराउने।

(ग)युवा निरक्षरता उन्मुलन, वातावरण संरक्षण, ग्रामीण स्वास्थ्य स्वंयसेवा, सिप विकास र उद्यमशीलताका लागि युवा सञ्जाललाइ सहयोग उपलब्ध गराइ परिचालन गर्ने।

(घ)सार्वजनिक सेवा प्रवाह, निति निर्माण, विकास ब्यवस्थापन, सामाजिक, आर्थिक, रूपान्तरणमा युवा सहभागिता सुनिश्चित गरी महत्वपुर्ण जिम्मेवारी प्रदान गर्ने।

(ङ)प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय सेवा र अवसरमा युवाको सहभागिता सुनिश्चित गर्ने।

(च)दलित, महिला, जनजाति, आदिबासी, मधेशी, मुस्लिम, अपाङ्ग, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक, लैङगिक तथा यौनिक अल्पसङ्ख्यक युवाको समावेशिता महत्वपुर्ण स्थानमा सुनिश्चित भए नभएको थाहा पाउन समावेशिता परीक्षण कार्यक्रम सञ्चालन गर्ने गराउने।

**(४) युवा हक अधिकारको सुनिश्चितता**

(क) सामाजिक र नागरिक अधिकार र दायित्व सम्बन्धी चेतना अभिवृद्धि गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने, गराउने।

(ख) शैक्षिक संस्था, युवा क्लव मार्फत युवा नेतृत्व, युवाको निति निर्माणतहमा नेतृत्वको महत्व, युवा समावेशी अधिकार, यौन तथा प्रजनन स्वास्थ्य अधिकार र गुणस्तरिय शिक्षा तथा अधिकार युवाको भुमिका तथा प्राकृतिक स्रोत साधनमाथिको अधिकार, युवाको खाद्य अधिकार,युवाको राजनितिक,सामाजिक तथा सांस्कृतिक अधिकारका बिषयमा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने।

(ग) जिम्मेवार युवा नागरिक तयार गरी लोकतन्त्र, मानवअधिकार र सुशासन प्रवर्द्धन गर्न युवाको समाज, पारिवार, वातावरण र समग्र राष्ट्रप्रतिको दायित्वसँग सम्बन्धित उत्प्रेरणामूलक कार्यक्रम सञ्चालन गर्ने।

**(५) युवा सहकार्य**

(क) मानव अधिकार, लोकतन्त्र, सुशासन, वातावरण संरक्षण, युवा विकास र अधिकारका लागि अन्तराष्ट्रिय संघ संस्था, गैरआवासीय नेपाली युवा, दातृनिकाय तथा विभिन्न प्रदेश तथा देशका युवाहरू बिच सहकार्य बढाउने।

(ख) सामाजिक सास्कृतिक सम्मिलनका लागि विविध जाति, धर्म, सम्प्रदाय, लिङ्ग, क्षेत्रका युवाविच सहअस्तित्व, सहकार्य र सदभाव विकास गर्न अन्तर सांस्कृतिक युवा सम्मेलन महोत्सव गर्ने।

(ग) पुरानो पुस्ताको अनुभव र नयाँ पुस्तको उर्जाको समिश्रण गरी दुवै पुस्ताबीचमा सहकार्य गरी समृद्दिका लागि सकारात्मक अनुभवको हस्तान्तरण र रूपान्तरण कार्यक्रम सञ्चालन गर्ने।

**(६) आमसञ्चार र युवा**

(क) स्थानीय, प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय ज्ञान, अवसर तथा प्रविधिका विषयमा युवालाइ सुसूचित गराउन एवम सामाजिक विकृति र विसंगति, हिंसा, अपराध, बेचबिखन तथा दुर्व्यसनका बिषयमा युवालाइ सचेत गराउन रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गर्न पहल गर्ने, बुलेटिन खबरपत्रिका प्रकाशन गर्ने, गराउने।

(ख) सूचना सम्प्रेषणका लागि युवाको नेतृत्वमा स्थानीय सूचना केन्द्रबाट सेवा प्रवाह गर्नुका साथै छुट्टै अनलाइन खबर पत्रिका, वेवसाइट सञ्चालन गर्ने, गराउने।

**(७) सामाजिक समावेशिता**

(क) गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रममा अपाङ्गता भएका युवा, जोखिममा रहेका युवा, द्वन्द्व प्रभावित युवा, अल्पसंङ्ख्यक र सीमान्तकृत युवा, दलित, मुस्लिम समुदाय र पिछडिएको क्षेत्रका युवा जस्ता लक्षित समुहका युवाको सहभागिता सुनिश्चित गर्ने।

(ख) युवाभित्रको सामाजिक समावेशिता अभिवृद्धिका लागि स्थानीय भाषामा सूचना प्रकाशन, ब्रेललिपि, मातृभाषाको ब्यवस्था, अपाङ्गमैत्री सामाजिक संरचना, लैङ्गिक संवेदनशील भाषा र संरचनाको ब्यवस्था गर्ने।

(ग) प्राथमिकता र विशेष प्राथमिकतामा रहेका युवाको सशक्तिकरण र अभिमुखिकरण, आवश्यकता अनुसारको सिपमुलक र व्यवसायिक शिक्षा, स्वास्थ्य उपचार सेवा र रोजगारी लगायतका बिषयमा बिशेष ध्यान दिने।

**(ख) युवा स्वंयसेवा क्षेत्र**

**(१) मानवीय कार्यमा युवा स्वंयसेवा**

(क) शैक्षिक बेरोजगार युवालाइ लक्षित गरी विभिन्न क्षेत्रमा स्वंयसेवक परिचालन गर्ने र यसलाइ वृद्धि गर्दै लैजाने। यस्ता स्वंयसेवक, शिक्षा, सामाजिक चेतना, ग्रामिण स्वास्थ्य, वातावरण, सूचना केन्द्र, कृर्षि तथा सेवामुलक क्षेत्रहरूमा परिचालन गर्ने।

(ख) रक्तदान, सरसफाइ जस्ता स्वयंसेवी कार्यक्रमहरू आयोजना गर्ने। यस्ता कार्यक्रम युवा क्लवहरू मार्फत अघि बढाउने।

(ग) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय स्वंयसेवा दल, नेपाल स्काउट, नेपाल रेडक्रस सोसाइटी, विद्यार्थी, राजनैतिक सङ्गठन ,क्लब तथा युवा संघ जस्ता संघ/संस्थाको समन्वयमा आपतकालिन स्वंयसेवा प्रशिक्षण दिने तथा समाजसेवाका विभिन्न क्षेत्र जस्तै भुकम्प, बाढि पहिरो, बन्यजन्तु आक्रमण, माहामारी, सडक दुर्घटना, खाद्य संकट, भोकमरी, डढेलो, आधिबेरी,द्वन्द्व ब्यवस्थापन जस्ता विपतहरूमा परिचालन गर्ने।

**(२) वन तथा वातावरण संरक्षण र पर्यटन प्रवर्द्धनमा युवा संलग्नता**

(क) युथ ग्रिन क्लव निर्माण गरी वातावरण सचेतना र संरक्षण, सरसफाइ, वृक्षारोपण लगायतका कार्यक्रम सञ्चालन गर्ने।

(ख) उपयोगबिहिन खालि जग्गा रहेको बन क्षेत्र, सडक, बाटो, खोला र नदि किनार, विद्यालय र सार्वजनिक स्थलमा वृक्षारोपण तथा वनसंरक्षणमा युवा परिचालन गर्ने।

(ग) पर्यटन विकासका लागि होमस्टे, नयाँ पदयात्रा गन्तब्य र साहसिक पर्यटनको सम्भावनको खोजी, सास्कृतिक सम्पदा संरक्षण, नयाँ पर्यटकीय स्थलको प्रवर्द्वन गर्न युवाको नेतृत्व र सहभागितामा विभिन्न महोसत्व र कार्यक्रम आयोजना गर्ने।

**(३) स्वंयसेवालाइ विकासको आधारशिलाको रूपमा स्थापित गर्ने**

(क) स्वंयसेवा गरेका युवालाइ रोजगारीका अवसरमा प्राथमिकता, पदोन्नती र अन्य सेवाका लागि सकारात्मक मुल्याङकन गर्ने। युवा स्वंयसेवक समुह गठन गरी विपत् तथा आपतकालिन अवस्थामा परिचालन गर्न युवा स्वंयसेवक तयार गर्ने।

(ख) अन्तराष्ट्रिय स्वंयसेवक दिवसका अवसरमा विभिन्न क्षेत्रमा स्वंयसेवा गर्नेहरू मध्येवाट फरक विधामा कम्तिमा ५ जना स्वंयसेवकलाइ प्रत्येक वर्ष सम्मान गर्ने।

**(ग) सामाजिक विकृति विसङ्गति न्युनीकरण अभियान**

(१) विद्यमान महिला हिंसा, जातीय विभेद तथा छुवाछुत, बोक्सी, छाउपडि, दाइजो प्रथा, बाल बिवाह, बहुविवाह जस्ता सामाजिक विकृति, विसङगति विरूद्ध अभियान सञ्चालन गर्न स्थानीय युवा क्लव, युवा क्लव सञ्जाल तथा युवा सम्मिलित निजी क्षेत्रलाइ उत्प्रेरित र प्रोत्साहित गर्ने।

(२) लागु पदार्थ दुर्व्यसनी, कुलत, एचआईभि संक्रमण, आप्रवासन, मनोसामाजिक समस्या लगायतका विषयमा अगुवा भइ सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

(३) साइबर क्राइम तथा आधुनिक प्रविधिको दुरूपयोग सम्बन्धी सचेतना अभियान सञ्चालन गर्ने।

(४) महिला हिंसा, मानव वेचविखन, लागु पदार्थ दुर्व्यसन, ओसार पसार तथा विभिन्न सामाजिक विकृति नियन्त्रण गर्न प्रहरी तथा युवाको सामुदायिक प्रहरी सेल स्थापना गरी परिचालन गर्ने।

(५) छोरी बचाउ,छोरी पढाऔ, बालिका शिक्षा, बालिका बिमा, घरघरमा सामाजिक सुरक्षा भत्ता जस्ता अभियानमुलक कार्यक्रम युवाको नेतृत्वमा सञ्चालन गर्ने।

## परिच्छेद-५
## युवा समन्वय समिति सम्बन्धी ब्यवस्था

### (१४) युवा समन्वय समितिको गठन

(१) युवाको योजना निर्माणमा सहभागिता र युवासँग सम्बन्धित कार्यक्रमको समन्वयका लागि गाउँपालिकामा देहायबमोजिमको एक युवा समन्वय समिति गठन गरिनेछ।

(क) सामाजिक विकास समिति संयोजक -संयोजक
(ख) महिला बालबालिका शाखा प्रमुख -सदस्य
(ग) आर्थिक विकास समिति संयोजक वा निजले तोकेको समितिको महिला सदस्य -सदस्य
(घ) गाउँपालिकाभित्र क्रियाशिल युवा, दलित, लोपोन्मुख, अल्पसङ्ख्यक, युवा क्लब, युवा सामजिक संघ संस्था मध्येबाट गाउँपालिका अध्यक्षले मनोनित गरेका २ जना महिला समेत गरी छ जना -सदस्य
(ङ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा निजले तोकेको सो शाखाको कर्मचारी -सदस्य

(२) उपनियम (१) मा भएको समितिको बैठकमा जिल्ला युवा समितिका अध्यक्ष, युवाको क्षेत्रमा विशेष योगदान पुर्याएका ब्यक्तिलाइ समेत आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

### (१५) मनोनित सदस्यको योग्यता

(१) देहायको योग्यता पुगेको युवा ब्यक्ति समन्वय समितिमा मनोनयनका लागि योग्य हुनेछ।

(क) १६ बर्ष उमेर पुरा भइ २४ बर्ष ननाघेको ।
(ख) कम्तिमा एसइइ वा सो सरहको परीक्षा उतिर्ण गरेको।
(ग) युवा सँग सम्बन्धित आर्थिक, सामाजिक, सांस्कृतिक, राजनितिक, स्वंयसेवा वा निजले प्रतिनिधित्व गर्ने क्षेत्र कृर्षि, उद्मम, खेलकुद जस्ता क्षेत्रमा कम्तिमा २ बर्षको कार्य अनुभव भएको।
(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग नलागेको ।
(ङ) सरकारी सम्पत्ति हिनामिना नगरेको।

**(१६) समितिका पदाधिकारी तथा सदस्यको पदावधि**

(१) समितिका मनोनित सदस्यको पदावधि ४ (चार) बर्षको हुनेछ।

(२) मनोनित सदस्यको पदावधि एक कार्यकालका लागि थप गर्न सकिनेछ ।

**(१७) मनोनित सदस्यको पद रिक्त हुने अवस्था**

(१) देहायको अवस्थामा समितिका मनोनित सदस्यको पद रिक्त भएको मानिनेछ ।

(क) पदबाट लिखित राजिनामा दिएमा ।

(ख) पदीय आचरण विपरित काम गरेमा ।

(ग) मृत्यु भएमा ।

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग प्रमाणित भएमा ।

(ङ) सरकारी सम्पत्ति हिनामिना गरेको प्रमाणित भएमा।

(२) उपनियम (१) को खण्ड (ख) बमोजिम पदबाट हटाउने कारबाही गर्नु अघि निजलाइ सफाइ पेश गर्ने मौका दिइनेछ।

(३) समितिको कुनै पद रिक्त भएमा बाँकि अवधिको लागि क्षेत्रगत प्रतिनिधित्व कायम राखि नियुक्ति गर्न सकिनेछ।

**(१८) समितिको काम, कर्तब्य र अधिकार**

(१) समितिको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) गाउँपालिकामा रहेका युवाको अभिलेखिकरण गर्ने, विवरण अद्यावधिक गर्ने, गराउने तथा उनिहरूको रूचीको क्षेत्र पहिचान सहित योग्य र सक्षम युवाको छनोट गर्न पालिकालाइ सहयोग गर्ने।

(ख) युवा सम्बन्धी बिबिध कार्यक्रम एवम आयोजना सञ्चालन गर्न आवश्यक समन्वय गर्ने।

(ग) बार्षिक योजना तर्जुमा प्रकियामा युवाको सहभागिता अभिवृद्धिका लागि समन्वय गर्ने।

(घ) योजना निर्माण र कार्यन्वयन चरणमा युवाको सहभागिता अभिवृद्धि गर्न वडा युवा क्लव, पालिकास्तरीय युवा क्लव,युवा सञ्जाल, युवा परिषद र अन्य सरोकारवालासँग नियमित समन्वय र सहकार्य गर्ने।

(ङ) युवाको प्रतिनिधित्वको समीक्षाका साथै कार्यक्रमहरूको अनुगमन तथा सुपरीवेक्षण गर्ने, गराउने।

(च) युवाले सञ्चालन गरेका कार्यक्रम,आयोजना वा क्रियाकलाप सम्बन्धी अभिलेख दुरूस्त राख्न लगाउने।

(छ) युवा क्षेत्रमा काम गर्ने युवा, संघसंस्था, निजिक्षेत्र लगायत अन्य समिति तथा विभागसँग समन्वय गरी युवाका बिषयलाइ मूलप्रवाहीकरण गर्ने ।

(ज) युवाको क्षमता अभिवृद्दि तथा स्वंयसेवाका क्षेत्रहरूको पहिचान गरी आवश्यक कार्यक्रमका लागि गाउँ कार्यपालिकालाइ सिफारिस गर्ने।

(झ) विद्यालयस्तरमै युवा क्लव गठन र उनीहरूको सहभागितालाइ अभिवृद्धि गरी सबल युवा र सक्षम नागरिक बनाउन भुमिका निवार्ह गर्ने।

(ञ) गाउँपालिकाले तोकेका युवा सम्बन्धी अन्य कार्यहरू गर्ने।

(२) उपनियम (१) मा तोकिएको काम, कर्तब्य र अधिकारका अतिरिक्त गाउँपालिकाले युवा परिचालनको आवश्यकता देखेमा युवा समन्वय समितिको परामर्शमा कार्यपालिकाबाट निर्णय गराइ थप जिम्मेवारी तोक्न बाधा पुर्याएको मानिनेछैन ।

**(१९) समितिको बैठक सम्बन्धी ब्यवस्था**

(१) समितिको बैठक सामान्यतया ३ महिनामा एक पटक बस्नेछ ।साथै आवश्यकता अनुसार थप बैठक समेत बस्न सक्नेछ।

(२) बैठकमा कम्तिमा ५१ % सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ। बहुमतको निर्णयलाइ नै बैठकको निर्णय मानिनेछ।

(३) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ। संयोजकको अनुपस्थितिमा उपस्थित मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

**(२०) समितिका पदाधिकारी एवम सदस्यको आचारसंहिता सम्बन्धी ब्यवस्था**

युवा समन्वय समितिका पदाधिकारी तथा सदस्यले समितिको निर्णय र काम कारबाहीलाइ नियमित,पारदर्शि र विश्वासिलो बनाउन समितिको आचारसंहिता बनाइ लागु गर्न सक्नेछ।

## परिच्छेद-६

## समन्वय तथा सहकार्य सम्बन्धी ब्यवस्था

**(२१) स्थानीय योजना प्रकियामा युवा सहभागिता सम्बन्धी सरोकारवालाहरू**

स्थानीय योजना प्रकियामा देहायबमोजिमका व्यक्ति,संघ,संस्थालाइ युवा सहभागितासम्बन्धी सरोकारवालाको रूपमा पहिचान गरिनेछ।

(क) विभिन्न पेशा व्यवसायमा संलग्न युवा उद्यमी, युवा ब्यवसायी,अनुसन्धानकर्ता, बिद्वत वर्ग

(ख) युवा समुह,युवा क्लव, युवा सञ्जाल

(ग) स्थानीयस्तरका बिभिन्न राजनितिक दल र भातृ संङगठन

(घ)स्थानीयस्तरका विभिन्न सामाजिक सेवा प्रदायक समिति, विद्यालय ब्यवस्थापन समिति,बजार ब्यवस्थापन समिति,वातवरण संरक्षण समिति,वन तथा सामुदायिक उपभोक्ता समह, टोल विकास संस्था/समिति

उपभोक्ता समिति, महिला/आमा समुह, सहकारी र धार्मिक समुदाय, वडघर सञ्जाल जस्ता बिभिन्न बिषयगत समह वा समितिहरू

(ङ) स्थानीयस्तरमा काम गर्ने बिभिन्न राष्ट्रिय एवम अन्तराष्ट्रिय र सरकारी तथा गैरसरकारी संघ/संस्था तथा विकास साझेदार निकायहरू

(च) शिक्षा, युवा तथा खेलकुद शाखा

(छ) सञ्चार माध्यम

**(२२) स्थानीय योजना प्रकियामा युवा सहभागिता सम्बन्धी सरोकारवालाको भूमिका**

**(१) स्थानीय तहको भूमिका**

(क) स्थानीय तहको निति निर्माण प्रक्रियामा युवाको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने।

(ख) स्थानीय तहस्तरमा युवा परिषद, युवा सञ्जाल गठन गर्ने र प्रत्येक वडामा युवा क्लव गठन गरी युवाका लागि नेतृत्व विकास र स्वंयसेवाका अवसर श्रृजना गर्ने

(ग) स्थानीय तहले संघीय, प्रदेश सरकार सँग समन्वय गर्दै थप कार्यक्रमका लागि प्रत्येक आर्थिक बर्षमा अन्तरिक बाह्य र सशर्त बजेटका लागि पहलकदमी लिने।

(घ) योजना प्रकियमा युवाको सहभागिता, सहकार्य र नेतृत्व विकास गर्ने।

(ङ) नमुना युवामैत्री पालिकाका रूपमा स्थापित हुन आवश्यकता अनुसार राष्ट्रिय युवा परिषदसँग समन्वय गर्ने।

**(२) विकास साझेदारहरूको भूमिका**

(क) राष्ट्रिय, अन्तराष्ट्रिय गैरसरकारी क्षेत्र, अन्तरदेशीय निकाय, संयुक्त राष्ट्रसंङघ जस्ता विकास साझेदारले युवाको नेतृत्व विकास हुने कार्यक्रममा लगानी गर्ने।

(ख) गाउँपालिकासँगको समन्वय र सहकार्यमा बिभिन्न युवामैत्री कार्यक्रम तय गर्ने।

(ग) गाउँपालिकाले प्राथमिकिकरण गरेका युवाका क्षेत्रका कार्यक्रमलाइ आधार बनाइ कार्यक्रम सञ्चालन कार्ययोजना बनाउने।

**(३) निजि क्षेत्रको भूमिका**

(क) निजी क्षेत्रले सामाजिक उत्तरदायित्व अन्तर्गत युवा लक्षित कार्यक्रम सञ्चालन गर्ने ।

(ख) निजी क्षेत्रको नेतृत्वमा हुने कार्यक्रममा युवाको सहयोग लिने र युवावर्गलाइ उत्प्रेरित गर्ने।

**(४) सामाजिक संघ/संस्थाको भूमिका**

(क) सामाजिक संघ संस्थाका सञ्जालमा युवाको नेतृत्व र मुद्दालाइ प्राथमिकता दिने,

(ख) युवामा सदाचार प्रवर्द्धन गर्ने, नेतृत्व विकास गर्ने खालका कार्यक्रम तय गर्ने।

(ग) युवाको नेतृत्व विकासका लागि उनीहरूको सिप तथा क्षमता अभिवृद्दि हुने कार्यक्रम सञ्चालन गर्ने, गराउने।

(घ) गाउँपालिकाको समन्वयमा युवा लक्षित कार्यक्रम कार्यन्वयन गर्ने।

**(५) सञ्चार क्षेत्रको भूमिका**

(क) युवाको सहभागिताका बिषयमा सञ्चार माध्यममा प्राथमिकताका साथ आवाज उठाउने र सुचना सम्प्रेषण गर्ने, गर्न लगाउने।

(ख) युवाले गरेका सकारात्मक कार्यको प्रचार प्रसार गर्ने।

(ग) युवालाइ नैतिक शिक्षा हुने खालका कार्यक्रमको प्रकाशन तथा प्रसारणमा जोड दिने।

(घ) युवाको नेतृत्वमा भएका सफलतालाई प्राथमिकता दिने।

**(२३) समन्वय र सहकार्य**

(१) गाउँपालिकाको विकासको लागि युवाबिचको सहकार्य र समन्वयको क्षेत्रलाइ सङ्गठित गरी प्रभावकारी बनाइनेछ।
(२) युवाको बृहत्तर विकासमा कार्य गर्न चाहने स्थानीय संघ/संस्था,क्लव,राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थासँग समन्वय गरी सरल र सहज कार्य वातावरण सृजना गरिनेछ।

(३) युवाको सहभागिता अभिवृद्धिका लागि केन्द्रियस्तरमा युवा तथा खेलकुद मन्त्रालय,राष्ट्रिय योजना आयोग र बिभिन्न विषयगत मन्त्रालय,राष्ट्रिय युवा परिषद र मातहतका समिति, प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश निति तथा योजना आयोग र अन्य विषयगत प्रदेश स्थित मन्त्रालयबाट हुने युवा सम्बन्धी संघ तथा प्रदेशका निति तथा कार्यक्रम र बजेटका लागि उचित समन्वय र सहकार्य गरिनेछ।

(४) युवाको समग्र विकास गरी नेतृत्व स्थापित गर्न र स्वंयसेवाका अवसर सृजना गर्न विभिन्न युवा संघ, सङ्गठन, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था, सहकारी, निजी क्षेत्र र विकास साझेदारहरूमार्फत साझारूपमा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

(५) युवाको समग्र विकासमा कार्यरत संघ संस्था, सञ्जाल, युवा क्लव, रेडक्रस, स्काउट, निजी क्षेत्रका युवा उद्यमी, अन्य संघ एवम संस्थाको साझेदारीमा सहकार्य गरी यो कार्यविधि कार्यान्वयन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

**परिच्छेद-६**

## विविध

### २४. सबैले सहयोग गर्नुपर्ने

यस कार्यविधिमा उल्लेख गरिएका युवा क्लव, युवाक्लव सञ्जाल, युवा समन्वय समिति गठन तथा परिचालन, त्यसैगरी तिनका काम, कर्तब्य र अधिकारहरूका साथै युवा परिषदको नमुना अभ्यासका लागि सहयोग गर्नु सबैको दायित्व एवम कर्तब्य हुनेछ।

### २५. आर्थिक ब्यवस्थापन

(१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान वा कुनै दातृ निकाय एवम् संघ/संस्थाबाट सहयोग बापत प्राप्त रकम क्लवको खातामा जम्मा हुनेछ।

(२) गाउँपालिकाले युवा लक्षित कार्यक्रम कार्यन्वयनका लागि समेत प्रत्येक बर्ष आफ्नो बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम मार्फत केहि प्रतिशत बजेट बिनियोजन गर्नेछ र बिनियोजित बजेट बाट तोकिएका युवा लक्षित कार्यक्रमहरू अनिवार्य रूपमा सञ्चालन गर्ने ब्यवस्था मिलाइनेछ।

### २६. खाता सञ्चालन

(१) क्लवको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ।

(२) क्लवले नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त बैंक वा वाणिज्य बैंकमा खाता खोल्नुपर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम खाता खोल्नका लागि गाउँपालिकास्तरिय युवा क्लव र वडास्तरिय युवा क्लवको दुवैको गाउँपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरेपछि मात्रै बैंक खाता खोल्न सकिनेछ।

### २७. कार्यक्रम सञ्चालन गर्न दिने

गाउँपालिकाले आफ्नो बार्षिक स्वीकृत बजेट तथा कार्यक्रममा परेका कुनै योजना तथा कार्यक्रम युवा क्लव मार्फत सञ्चालन गर्ने गरी अनुमति प्रदान गर्न सक्नेछ।

### २८. लेखापरीक्षण गर्नुपर्ने

यस कार्यविधि बमोजिम गठन भएको युवा क्लबले कोषको बार्षिक आय, ब्यय रकमको लेखा चुस्त दुरूस्त राख्नुपर्नेछ, साथै प्रत्येक बर्ष आफ्नो बार्षिक कार्यक्रमको प्रचलित कानुन बमोजिम लेखापरीक्षण गराउनुपर्नेछ।

### २८. प्रचलित कानुनबमोजिम हुने

यस कार्यविधिमा लेखिएका विषयवस्तु यसै कार्यविधिबमोजिम तथा अन्य विषयको हकमा नेपालको प्रचलित कानुनबमोजिम हुनेछ।

### २९. बाधा अड्काउ फुकाउन सक्ने

यो कार्यविधि कार्यन्वयनको क्रममा कुनै बाधा, ब्यवधान आइपरेमा गाउँ कार्यपालिकाको बैठकले निर्णय गरी वा कुनै निर्देशन वा आदेश जारी गरी आवश्यक बाधा अड्काउ फुकाउन सक्नेछ।

### ३०. कार्यविधि संशोधन

गाउँ कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार परिमार्जन एवम् संशोधन गर्न सक्नेछ।

## अनुसूची १

### पद तथा  गोपनियताको सपथको ढाँचा

म ............................................................ मुलुक र जनता प्रति पुर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु। ईश्वरको, देश र जनताको नाममा सपथ लिन्छु की, नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रहंदै नेपालभरी जुनसूकै क्षेत्रमा यस बर्दिया जिल्ला, गेरूवा गाउँपालिकास्तरिय युवा क्लव/युवा सञ्जाल/युवा परिषद/युवा समन्वय समितिको अध्यक्ष/उपाध्यक्ष/कोषाध्यक्ष/सचिव/सदस्य पदको कामकाज प्रचलित कानूनको अधिनमा रहि मुलुक र जनताको सोझो चिताइ, कसकैको डर नमानी, पक्षपात नगरी, पुर्वाग्रह र खराब भावना नलिइ, पदीय गोपनियता कायम राखी इमान्दारितका साथ गर्नेछु र आफ्नो कर्तब्य पालनाको सिलसिलामा आफुलाइ जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा बाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन।

दस्तखत : ...................................

नाम थर : .....................................................

मिति : ...........................................................

## अनुसूची २

### स्वंयसेवा गर्न चाहने इच्छुक युवा लक्षित फारमको ढाँचा

श्री ....................................... मितिः .......................

..............पालिकाको कार्यालय

..................................................

| हालसालै खिचिएको फोटो |
|---|

**बिषय : स्वंयसेवकका रूपमा सहभागी हुन पाउँ।**

महोदय,

उपरोक्त सम्बन्धमा म विगत ......बर्षदेखि............ विषय वा क्षेत्रमा काम गर्दै आइरहेको छु। तहाँ ................गाउँपालिकाम सोही बमोजिमका योजना र कार्यक्रमको सुरूवात गरिएकोले मेरो शैक्षिक योग्यता,कार्यअनुभवका आधारमा .......................कार्यका लागि स्वंयसेवा गर्न इच्छुक भएकोले यो निवेदन पेश गर्दछु।

१. नाम थर :

२. ठेगाना : (क) स्थायी ठेगाना :

(ख) अस्थायी ठेगाना :

३. लिङ्ग :

४. उमेर :

५. जन्ममिति :

६. वैवाहिक स्थिति : विवाहित/अविवाहित

७. विवाहित भए पति/पत्निको नाम :

८. पति/पत्निको ठेगाना :

९. जाति र धर्म :

१०. बाबुको नाम :

११. आमाको नाम :

१२. शैक्षिक योग्यता :

१३. सम्पर्क नम्बर :

१४. इमेलः

**आज्ञाले**

**नर बहादुर चन्द**

**प्रमुख प्रशासकीय अधिकृत**